# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

Email: bmceducationsection@gmail.com

प.सः ०८२/०८३
च.नः १८४

मितिः-२०८२।०४।१२

विषय : छात्रवृत्ति छनौट अन्तिम नामावली प्रकाशन गरिएको ।

श्री जो जससित सम्बन्धित छ ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिकाद्वारा शैक्षिक सत्र २०८२ को लागि कक्षा ११ मा छात्रवृत्तिमा अध्ययनका लागि छनौट भएका ४३८ जना छात्रछात्राहरूको नामावली उपर कसैको कुनैं प्रमाण सहित दावी विरोध भए ३ दिन भित्र पेश गर्नहुन भनी सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तोकिएको म्याद भित्र आधार र प्रमाण सहित गुनासो प्राप्त नभएको व्यहोरा जानकारी गराउँदै मिति २०८२।०४।०९ मा प्रकाशित नामावलीमा कुनै हेरफेर नभएको व्यहोरा अनुरोध छ।

साथै छात्रवृत्तिमा सिफारिस भएका कतिपय विद्यार्थीहरूले विद्यालय परिवर्तनको चाहना राखी निवेदन दिएको र जिज्ञासा राखेको सन्दर्भमा छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८२ को दफा (११) को उपदफा (४) बमोजिम सिफारिस गरिएको विद्यालयमा अध्ययन नगर्ने विद्यार्थीलाई छात्रवृत्तिमा अध्ययन गर्ने प्रयोजनका लागि अन्य विद्यालयमा सिफारिस गर्न नसकिने व्यवस्था उल्लेख भएको व्यहोरा अनुरोध छ ।

सुवासचन्द्र आचार्य
उपसचिव

बोधार्थ
श्री सूचना तथा सञ्चार प्रविधि शाखा
वेवसाइटमा अपलोड गरिदिनु हुन